**PRiME COMMERCIAL BANK LTD.**
**प्राइम कमर्सियल बैंक लिमिटेड**

**केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ**
**को**

# चौधौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८ मंसिर १२ गते आइतवार**

मिति २०७८/०८/१० गते (तद्नुसार २६ नोभेम्वर, २०२१) मा बसेको सञ्चालक समितिको ४३४ औं बैठकको निर्णयानुसार यस बैंकको चौधौं वार्षिक साधारणसभा निम्न लिखित मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा आदरणीय सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिकोलागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समयः**

**सभा हुने मिति** : २०७८/०९/०६ गते, मंगलबार (तद्नुसार २१ डिसेम्वर, २०२१) ।
**स्थान** : प्राइम कमर्सियल बैंक लिमिटेड केन्द्रीय कार्यालय, कमलपोखरी, काठमाडौं ।
**सभा शुरू हुने समय** : बिहान ११:०० बजेदेखि ।

(कोभिड-१९ महामारीको जोखिमका कारण साधारणसभामा अनलाइन (भर्चुअल) प्रविधि मार्फतसमेत सहभागी हुनसक्ने गरी शेयरधनी महानुभावहरूलाई : Meeting ID तथा Password उपलब्ध गराउने व्यवस्था गरिएको छ ।)

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्तावहरू :**

१. आर्थिक बर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, मिति २०७७/०४/०१ देखि २०७८/०३/३१ सम्मको नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह लगायतका विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७८/७९ को लागि लेखापरीक्षण गर्न लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक अनुमोदन गर्ने ।
(☆ बर्तमान लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड एसोसियट्स, चाटर्ड एकाउन्टेण्टस् पूनः नियुक्त हुन पनि योग्य हुनुहुन्छ ।)
४. बैंकको नियमावली अनुसार समूह "ख" सर्वसाधारण शेयरधनीहरूकोतर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुने सञ्चालक पद - १ (एक) को निर्वाचन, मनोनयन वा नियुक्त गर्ने ।
५. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको ०.६३१३ प्रतिशतका दरले हुने नगद लाभांश (रु १०,१५,३२,२१२/- बिगतका आर्थिक वर्षहरूका बोनस शेयर तथा नगद लाभांशमा तिर्न बाँकी कर फछ्र्यौट गर्ने र हाल कर तिर्नु पर्ने शेयरधनीको कर समायोजन गर्ने प्रयोजनका लागिसमेत) वितरण गर्न स्वीकृत गर्ने ।

**(ख) बिशेष प्रस्तावहरू :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको चुक्ता पूँजीको १६% (सोह्र प्रतिशत)का दरले हुन आउने (रु २,५७,३२,८५,९०४/-) बोनस शेयर जारी गर्ने र सोही बमोजिम बैंकको प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने ।
(☆ बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने वा गाभिने सम्बन्धी विनियमावली, २०६८ समेतका आधारमा यस बैंकले साविकको कैलाश विकास बैंक लिमिटेडलाई प्राप्ति गरेको कारण मिति २०७६ फागुन २९ गतेसम्म कायम शेयरधनीलाई लाग्ने लाभाँशमा कर छुट पाउने भएकाले सो छुट पाउने शेयरधनी बाहेक अन्यलाई लाभाँश कर लाग्ने ।)
२. धितोपत्र व्यवसाय सम्वन्धी कार्य गर्नकालागि प्रवन्धपत्रको उद्देश्यमा आवश्यक संशोधन गरी उद्देश्य थप गर्ने ।
३. निम्न बमोजिम बैंकको प्रवन्धपत्रमा संशोधन/थप गर्ने

क) बैंकले बोनस शेयर जारी गरे पश्चात बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि हुने भएको हुनाले प्रवन्ध पत्र को दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।
ख) प्रवन्धपत्रको दफा ४(४) मा संशोधन थप गर्ने ।

४. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा मर्ज हुने (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्ने सन्दर्भमा आवश्यक सम्पूर्ण प्रक्रिया अवलम्वन गरी एक आपसमा मर्ज (गाभ्ने/गाभिने), प्राप्ति (एक्विजिशन) गर्नकालागि सञ्चालक समितिलाई सम्पूर्ण अख्तियार प्रदानगर्ने ।
५. प्रबन्ध पत्र र नियमावलीमा भएको संशोधनमा नियमनकारी निकायहरु (कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले कुनै फेरवदल/संशोधन/परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोही अनुरुप आवश्यक समायोजन गर्न बैंकको सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध ।**

आज्ञाले,
कम्पनी सचिव

**साधारणसभा सम्बन्धी सामान्य जानकारीहरू :**

१. यस साधारणसभा प्रयोजनका लागि मिति २०७८/०८/२२ गतेका दिन एक दिन बैंकको शेयर दाखिल खारेज दर्ता बन्द (BOOK CLOSE) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/०८/२१ गते सम्म कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार, सिभिल क्यापिटल मार्केट्स लि., काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन, एवं लाभांश पाउन सक्नु हुनेछ ।

२. विश्वव्यापी रूपमा फैलिएको कोरोना भाइरस (कोभिड- १९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरूको सम्मान एवं परिपालना गर्दै अनलाईन (भर्चुअल) (ZOOM) को माध्यमबाट सभामा सहभागी हुने, आफ्नो मन्तव्य राख्न सक्ने व्यवस्था समेत मिलाइएको हुँदा कोरोना भाइरस (कोभिड- १९) को संक्रमणबाट बच्न र बचाउन यथासक्य अनलाईन (भर्चुअल) (ZOOM) माध्यमबाट उपस्थित भैदिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध छ ।

३. अनलाईन (भर्चुअल) (ZOOM) माध्यमबाट उपस्थित भई साधारण सभामा सहभागी हुन तथा मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभावहरूले सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै आफ्नो परिचयपत्रसहित बैंकले जारी गरेको शेयर प्रमाणपत्र/DEMAT खाता खोलिएको प्रमाणको स्क्यानकपी समावेश गरी कम्पनी सचिवको ईमेल ठेगाना rajkumar.karki@pcbl.com.np मा ईमेल पठाउनु पर्नेछ । यसरी प्राप्त भएका ईमेलमा अनलाईन (भर्चुअल) (ZOOM) माध्यमबाट सभामा सहभागी हुनका लागि आवश्यक हुने Meeting ID र Password उपलब्ध गराइने छ । यस प्रक्रियाबाट उपस्थित हुनुहुने शेयरधनी महानुभावहरूलाई सभास्थलमा उपस्थित भएसरह मान्यता दिने व्यवस्था गरिएको छ । सभामा आफ्नो राय सुझाव दिन चाहनुहुने महानुभावले लिखित रूपमा आफ्नो राय/सुझाव कम्पनी सचिवको ईमेल ठेगानामासमेत दिनसक्ने व्यवस्था मिलाइएको छ ।

४. वार्षिक साधारणसभामा भौतिक रूपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रूपमा साथमा लिई आउनुहुन अनुरोध छ । कोरोना भाइरस (कोभिड -१९) महामारीको कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभास्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न/बचाउनको लागि आवश्यक पर्ने मास्क/पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरू प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश पाइने छैन । हाजिरी पुस्तिका बिहान १० बजे देखि सभा चालु रहुन्जेलसम्म खुल्ला रहनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले मतदान गर्न पाउने अधिकतम हद वा सीमासम्म त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी बैंककै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी बैंकको केन्द्रीय कार्यालय, कमलपोखरीमा सभा शुरु हुनुभन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ ।

६. "मैले यस अघि दिएको सबै प्रतिनिधि-पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईयोस्" भनी छुट्टै पत्र लेखी पठाएको अवस्थामा अन्य सबै प्रतिनिधिहरु (प्रोक्सी) बदर भई सोही पत्रसाथ प्राप्त प्रतिनिधि-पत्र (प्रोक्सी) लाईमात्र मान्य हुनेछ । एकै शेयरधनीले एक भन्दा बढि व्यक्तिलाई कुनै किसिमबाट विभाजन गरी वा नगरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको सक्कल दस्तखत भएमा त्यस्तो सबै प्रतिनिधि (प्रोक्सी) बदर हुनेछ । नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको महानुभावहरूले सभामा भाग लिन, प्रतिनिधि तोक्न सक्नु हुनेछ ।

७. संयुक्त रूपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको सो एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनुहुनेछ ।

८. सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैंले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा सुरू हुनुभन्दा कम्तीमा २४ घण्टा अगावै सो को सूचना बैंकको रजिष्टर्ड कार्यालय, कमलपोखरी, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ । अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

९. सर्वसाधारण समूहको सञ्चालक निर्वाचन सम्वन्धी जानकारी साधारणसभा हुनु भन्दा १५ दिन अगावै बैंकको केन्द्रीय कार्यालय स्थित निर्वाचन अधिकृतको कार्यालयबाट निर्वाचन सम्वन्धी कार्यक्रमको सूचना बैंकको सूचना पाटीमा प्रकाशित गरिनेछ ।

१०. सञ्चालक निर्वाचन सम्वन्धी कार्यक्रम सञ्चालक निर्वाचन निर्देशिका बमोजिम निर्वाचन अधिकृतले तोके बमोजिम हुनेछ ।

११. सञ्चालक हुनको लागि बैंकको कम्तिमा १०० कित्ता साधारण शेयर धारण गरी मतदाता नामावलीमा नाम उल्लेख भएको सर्वसाधारण शेयरधनी हुनु पर्नेछ र कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा बैंकले जारी गरेको सञ्चालक निर्वाचन निर्देशिका बमोजिम अयोग्य नभएको व्यक्तिले मात्र उम्मेदवारी दर्ता गर्न सक्नेछ ।

१२. सञ्चालक पदमा उमेदवार हुन चाहने शेयरधनीले माथि उल्लेख भए बमोजिम बैंकको केन्द्रीय कार्यालयमा प्रकाशित निर्वाचन सम्वन्धी कायक्रमको सूचनामा उल्लेखित मितिमा निर्धारित समय भित्र बैंकको सर्वसाधारण समूहको एकजना शेयरधनी प्रस्तावक र अर्को एकजना शेयरधनी समर्थक सहित तोकिएको ढाँचा बमोजिम आफनो उमेदवारीको दरखास्त दर्ता गर्नु पर्नेछ । उम्मेदवारीबाट आफनो नाम फिर्ता लिन चाहेमासमेत सोही निर्वाचन सम्वन्धी कार्यक्रम बमोजिम आफनो नाम फिर्ता लिन दरखास्त दर्ता गर्नुपर्नेछ । सञ्चालक पदमा उम्मेदवारी दिने शेयरधनी अन्य उम्मेदवारको प्रस्तावक र समर्थक हुन सक्ने छैन ।

१३ सञ्चालकको निर्वाचनमा भाग लिन चाहने उम्मेदवारले बैंकको निर्वाचन निर्देशिकाको अनुसूचीमा उल्लेखित ढाँचाको मनोनयनपत्र तथा सोको दस्तुर रु १०,०००/- (दश हजार) (पछि फिर्ता नहुने) सहित निर्वाचन तालिकामा उल्लेखित मिति भित्रमा निर्वाचन अधिकृत समक्ष व्यक्तिगत रुपमा आफैं उपस्थित भई मनोनयन पत्र दाखिला गर्नु पर्नेछ ।

१४. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारणसभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुहुन अनुरोध छ ।

१५. सभा शुरू भन्दा १ (एक) घण्टा अगावै अनलाईन (भर्चुअल) (ZOOM) माध्यम खुला गरिने छ । साथै, निर्वाचन कार्यक्रमका सम्वन्धमा निर्वाचन अधिकृतको कार्यालयबाट प्रकाशित सूचना बमोजिम हुनेछ ।